

कार्यकारी सारांश

# स्व:प्रयास मार्फत विपद् बाट पुनर्लाभ

## अन्तर-विषयात्मक दृष्टिकोण

जोन ट्विग, एमा लभेल, हली स्कोफिल्ड, लुइसा मिरन्डा मोरेल, बिल फ्लिन,
सुसेन सारगेन्ट, एन्ड्र्यु फिन्लेसन, टम डिकस्ट्रा, भिक्टोरिया स्टेफनसन,
अलेजेन्ड्रा अलब्रुन, टिजिआना रोजेटो, डिना डियाला

अक्टोबर २०१७

**Overseas Development Institute**
203 Blackfriars Road
London SE1 8NJ

Tel. +44 (0) 20 7922 0300
Fax. +44 (0) 20 7922 0399
E-mail: info@odi.org.uk

www.odi.org
www.odi.org/facebook
www.odi.org/twitter

Readers are encouraged to reproduce material from ODI Working Papers for their own publications, as long as they are not being sold commercially. As copyright holder, ODI requests due acknowledgement and a copy of the publication. For online use, we ask readers to link to the original resource on the ODI website. The views presented in this paper are those of the author(s) and do not necessarily represent the views of ODI.

© Overseas Development Institute 2017. This work is licensed under a Creative Commons Attribution-NonCommercial Licence (CC BY-NC 4.0).

# यो परियोजनाको बारेमा

'अझ सुरक्षित निर्माणको प्रवर्धन गर्ने – परिवार र समुदायको स्व:प्रयासबाट पुनर्लाभको प्रक्रियालाई सहयोग गर्न विज्ञान, प्रविधि, सञ्चार तथा मानवीय सेवा अभ्यासको प्रयोग गर्ने' (नोभेम्बर 2016–जुलाई 2017) । यसका साझेदारहरु बैदेशिक विकास संस्था (ODI), CARE इन्टरनेशनल UK, विश्वविद्यालय कलेज लन्डन (UCL) र ब्रिटिस भौगर्भिक सर्वेक्षण (BGS) हुन् । यो परियोजना UK प्राकृतिक वातावरण अनुसन्धान परिषद् (NERC), Ref: NE/P016200/1 को माध्यमबाट बेलायती सरकारको ग्लोबल च्यालेन्ज रिसर्ज फण्डको अनुदानमा चलाइएको हो । हामी CARE UK लगानी कोषलाई यो परियोजनालाई सहयोग गरेकोमा धन्यवाद दिन चाहन्छौं

# आभार

हामी CARE नेपाल, CARE फिलिपिन्स तथा ती संस्थाका स्थानीय साझेदारले यो अध्ययनमा र दुबै देशमा क्षेत्रगत भ्रमणको व्यवस्था गर्न गरेको गरेको सहयोगकालागि आभार प्रकट गर्दछौं ।

हामी एमी डोनोभान (किङ्स कलेज लन्डन), रेबेका नाडिन र भर्जिनी ले म्यासोन (ODI), एलिजाबेथ बेबिस्टर (स्वतन्त्र अनुसन्धाता) र केटी मी (BGS) लाई यो कार्यपत्र समीक्षा गरेकोमा धन्यवाद दिन्छौं । हामी जोन माहेरलाई कार्यपत्र सम्पादन गरेकोमा, गर्थ स्टेवार्टलाई यो कार्यपत्र तयार गरेकोमा, हाना क्याडिक र एना हिकम्यान (ODI) लाई यो कार्यपत्रको तयारीमा समन्वय गरेकोमा धन्यवाद दिन्छौं । यो कार्यकारी सारांशको नेपाली अनुवादमा सहयोग गर्ने सन्देश घिमिरे तथा प्रुफ रिडिङ्गमा सहयोग गर्ने दुल तामांग लगायत प्रुफ रिडिङ्ग र अनुवादको समीक्षा गर्ने CARE नेपालका सन्तोष शर्मा र उमेश श्रेष्ठ लाई धन्यवाद । यसै गरि तेगालग (फिलिपिन्स) भाषा अनुवादमा सहयोग गर्ने नेस्टर सिल्लानो तथा प्रुफ रिडिङ्गमा सहयोग गर्ने सिसिलिया सिपिन, डेनिस अमात, डेभिड गजस्विली लगायत प्रुफ रिडिङ्ग र अनुवादको समीक्षा गर्ने CARE फिलोपिन्सका जेरोम लानित लाई पनि धन्यवाद ।

पूरा कार्यपत्र www.odi.org/publications/10963-self-recovery-disasters-interdisciplinary-perspective मा उपलब्ध छ ।

# कार्यकारी सारांश

मानवीय सेवा प्रदान गर्ने संस्थाहरु विपद्पछि गरिने सहायतामा स्व:प्रयास/स्व:निर्माण मार्फत समुदायको उत्थानशील बन्ने क्षमता विकास अन्तर्गतका क्रियाकलापहरु समायोजन गर्न निरन्तर प्रयाशरत छन् । हुनत "स्व:निर्माण" भन्ने शब्दवाली को अझै सम्म यथेष्ट मात्रामा परिभाषा तथा व्याख्या त भएको छैन, तथापी मानवीय सेवा प्रदान गर्ने संस्थाहरु तथा साझेदारहरु विपद् बाट प्रभावित व्यक्तिहरुको छनौटलाई आफ्ना क्रियाकलापहरुको केन्द्रमा समाबेश गर्न चाहन्छ । सामान्यतया यो शब्द मानवीय सहायता अन्तर्गत आवासको क्षेत्रमा विपद् प्रभावित परिवारहरुले आफै वा स्थानीय निर्माण व्यवसायीहरुको सहायताले आफ्नो आवासको मर्मत गर्ने, निर्माण गर्ने वा पुनर्निमाण गर्ने प्रक्रियालाई जनाउन प्रयोग हुँदै आयको छ । अन्तर्राष्ट्रिय सहायता एजेन्सीले आवास पुनर्निर्माणको लागि दिने सहायताले विपद् पछिको एक वर्षभित्र मुस्किलले कुल प्रभावित जनसंख्याको ३०% लाई समेट्न सक्छ भन्ने कुरा अनुमान गरिएको छ (Parrack et al., २०१४) । यसले सहायता एजेन्सीका लागि सुरक्षित आवासको पुनर्निर्माण कसरी गर्ने भन्ने कुरा प्रवर्धन गर्ने दिशामा चुनौतिहरु सृजना गर्छ ।

विपद्पछिको पुनरुत्थान प्रक्रियालाई जोखिम कम गर्ने तथा पहिलाको अवस्थामा फर्किने क्षमता अभिवृद्धि गर्ने काम (उत्थानशीलत्ता) मा अत्यन्त महत्वपूर्ण भूमिका खेल्ने प्रक्रियाको रुपमा हेरिन्छ (Ievers and Bhatia, २०११) । यसका अतिरिक्त, प्राकृतिक विपदबाट उत्थानशीलत्ता निर्माण तथा जलवायु परिवर्तनको प्रभाव कम पार्ने उद्देश्य अनुरुप सुरक्षित पुनर्निर्माणको प्रवर्धन सुनिश्चित गर्ने क्रियाकलापहरु लामो समय देखि मानबिय सहायतामा संलग्न एजेन्सीहरुले संचालन गर्दै आयको छ । यी विषयवस्तुहरु विपद् जोखिम न्यूनिकरणको लागि सेन्डाइ प्रारुप (2015–2030) का मुख्य विषयवस्तुहरु हुन् । किनकि यो प्रारुपको चार मुख्य कुरा मध्ये पुनरुत्थान, पुनर्वास तथा पुनर्निर्माण प्रक्रियामा 'अझ सुरक्षित पुनर्निर्माण गर्ने' बुँदा हो (UNISDR, 2015) । 'अझ सुरक्षित पुनर्निर्माण गर्ने' शब्द २००४ को हिन्द महासागरको सुनामीपछि पुनर्निर्माण कार्य गर्दा प्रयोग हुँदै आएको हो । पुरानो किसिमको पुनर्निर्माणले पहिला कै अवस्थामा फर्किने कुरामा जोड दिने भएकाले यसले पुरानै जोखिमको अवस्था सृजना गर्ने कुरा स्वीकार गर्दै यो शब्दलाई त्यसपछिका विपद्हरुमा नीति बनाउँदा तथा सो नीतिको कार्यान्वयन गर्दा धैरै पटक प्रयोग गरिएको छ (Fan, 2013)। 'अझ सुरक्षित पुनर्निर्माण गर्ने' काम सकारात्मक, परिवर्तनमुखी क्षमता वा प्रक्रियाको रुपमा रहेको पुनरुत्थानको समकालीन बुझाइसँग पनि मेल खान्छ (Manyena et al., २०११)।

यो कार्यपत्रले नमूना अनुसन्धान परियोजनाको निष्कर्ष भनेको मानवीय सेवा प्रदान गर्ने एजेन्सीहरुले थोरै वा शून्य सहायता प्रदान गरेको अवस्थामा कसरी न्यून वा मध्यम आय समूहका विपद् प्रभावित परिवारहरुले आफ्नो घरको पुनर्निर्माण गरे भन्ने हो । अन्तर-विषयात्मक टोलिको सहभागीता रहेको यो परियोजनामा सामाजिक वैज्ञानिक, भौगर्भिक, संरचनात्मक इन्जिनियर तथा मानवीय सेवाकर्मिहरुको संलग्नता थियो । बैदेशिक विकास संस्था (ODI) को नेतृत्वमा सञ्चालन गरिएको यो परियोजना CARE इन्टरनेशनल UK, बेलायती भौगर्भिक सर्वेक्षण (BGS) र विश्वविद्यालय कलेज लन्डन (UCL) को सहकार्यमा समापन भएको थियो । यो नमूना परियोजनाले विपद्पछि एजेन्सीले गर्ने सहायताको मूल्याङ्कनमा हुने सीमा भन्दा स्वतन्त्र रहेर काम गर्यो र यसले विपद् बाट स्व:प्रयासमा पुनर्लाभका क्रियाकलापलाई कसरी अझ सुरक्षित आवास पुनर्निर्माणमा योगदान गर्न सक्छ भन्ने कुरा बुझ्ने दिशामा अनुसन्धान गर्यो । यसको कार्य क्षेत्र फराकिलो थियो र यसले परिवारको स्व:प्रयास मार्फत विपद् पश्चात पुनर्स्थापित हुन चालेका कदमहरु तथा ती कदमहरुलाई प्रभाव पार्ने विविध प्राविधिक, वातावरणीय, संस्थागत तथा सामाजिक-आर्थिक पक्षहरुको अनुसन्धान गर्यो । यसले सुरक्षित निर्माण अभ्यासहरुलाई मानवीय आवास सहायतामा प्रभावकारी रुपले समायोजन गर्न के गर्न सकिन्छ भन्ने कुराको पनि अनुसन्धान गर्यो ।

डेस्क अनुसन्धान, विज्ञहरुको कार्यशाला तथा नेपालको क्षेत्रगत भ्रमण (२०१५ को गोर्खा भूकम्पले असर गरेका समुदायहरुको भ्रमण ), फिलिपिन्सको क्षेत्रगत भ्रमण (स्थानीय रुपले लइन नामले चिनिने हाइमा नामको समुन्द्री आँधीले २०१६ मा असर गरेका र स्थानीय रुपमा योलान्डाको नामले चिनिने सन २०१३ मा आयको समुन्द्री आँधीले प्रभाव गरेको समुदायको भ्रमण) सहितका क्षेत्रगत अध्ययनको आधारमा यो कार्यपत्रको निष्कर्षहरु निकालिएका हुन् । राष्ट्रिय कार्यशाला, अन्तर्राष्ट्रिय सम्मेलन तथा प्राज्ञिक वा पेसाकर्मीहरुको सञ्जालबाट यी निष्कर्षहरुको आदान-प्रदान तथा बहस गरिएको थियो । यो अन्वेषणमूलक अनुसन्धानलाई स्व:प्रयासबाट विपद्बाट पुनर्स्थापित हुने प्रक्रियालाई सहयोग गर्ने दीर्घ-कालीन अनुसन्धान तथा कारबाहीको आधारको रुपमा लिन सकिन्छ ।

## मुख्य निष्कर्षहरु

- **सन्दर्भ:** स्व:प्रयास मार्फत विपद्का प्रभाबहरुबाट बाहिरिने प्रक्रिया विद्यमान आर्थिक, सामाजिक तथा वातावरणीय-सांस्कृतिक सन्दर्भमा कसरी अगाडि बढ्छ भन्ने कुराले प्रक्रिया को प्रगतिमा ठूलो असर गर्छ । सरकारी सर्तहरुले पुनर्निर्माण अनुदानको उपलब्धता तथा प्रयोगलाई प्रभावित पार्छन् । पुनरुत्थान विविध जोखिम भएको वातावरणमा हुन्छ । सामाजिक-आर्थिक पृथकता, सामुदायिक संगठनको स्तरले श्रोतहरुमाथिको पहुँच तथा प्रयोगलाई असर गर्छ ।
- **स्व:**प्रयासबाट पुनर्लाभ – उत्प्रेरक तथा व्यवधानहरु: विविध कुराहरुले स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियाको प्रगति हुने वा नहुने कुराको निर्धारण गर्छन् । यसका महत्वपूर्ण तत्वहरुमा परिवारको बदलिँदो आवश्यकता तथा प्राथमिकता, जीविकोपार्जनले सृजना गर्ने दबाब, विपद्प्रतिको मनो-सामाजिक प्रतिक्रिया र उपलब्ध प्राविधिक सीप तथा ज्ञानको स्तर जस्ता कुराहरु पर्छन् ।
- **अझ सुरक्षित तरिकाले पुनर्निर्माण गर्ने:** स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियामा हुने पुनर्निर्माण बहुमुखी हुन्छ र यसले प्रभावित व्यक्ति तथा परिवारहरु कसरी निर्णय तथा प्राथमिकता निर्धारण गर्छन् भन्ने कुरा समेट्ने जटिल प्रक्रियालाई समावेश गर्छ । बाह्य श्रोत, सहयोग तथा नियमावलीहरुले पनि यस प्रक्रियालाई असर गर्छन् ।
- **अन्तर-विषयात्मकता:** मानवीय सेवा दिने तथा अन्य व्यक्तिले अन्तर-विषयात्मक पद्धतिको प्रयोग गरेर निर्माण तथा कार्यान्वयन गरेमा मात्र स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियाका लागि दिइएको सहयोग प्रभावकारी हुन्छ ।

## सन्दर्भ

विपद्पछिको सहायतामा हुने सरकारको भूमिकाले जनताहरु कसरी स्व:प्रयासबाट पुनर्लाभ प्राप्त गर्छ भन्ने कुरालाई महत्वपूर्ण रुपले असर गर्छ । नेपालको सन्दर्भमा, सरकारले विशेष मापदण्ड प्रयोग गरि पुनर्निर्माण गरेमा मात्र अनुदान रकम दिने सर्त राखेको थियो । यद्यपि, निर्माणको अनुमानित लागत र छुट्ट्याइएको लागतको फरकले पुनर्निर्माण र स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियाको प्रगतिलाई बाधा गर्यो । अर्को तिर, फिलिपिन्समा विकेन्द्रीकृत अनुदान वितरण प्रणाली तथा सहज सर्तले प्रापकहरुलाई प्राप्त वित्तीय सहयोग सहज तरिकाले

प्रयोग गर्ने अवसर प्रदान गर्यो, जसले स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियालाई तुलनात्मक रुपमा तीव्र र सफल बनायो ।

वातावरणीय सन्दर्भले पनि पुनरुत्थान चरण तथा रणनीतिहरूमा ठूलो असर गर्छ । नेपाल र फिलिपिन्समा, हामीले भ्रमण गरेका समुदायहरूले विविध प्रकारका जोखिमहरूको अनुभव गरेको पाइयो । ती समुदायमा सडक, सेवा, वस्तुहरूको ढुवानी र सञ्चार प्रविधिमाथिको पहुँचको स्तर पनि फरक-फरक थियो । त्यस्तै, बारम्बार आउने जोखिमपूर्ण घटनाले ती समुदायहरूले महसुस गरेका जोखिमको बोधलाई असर गरेको भेटियो र यो असरले अर्कोतिर ती समुदायको विपद्प्रतिको प्रतिक्रिया तथा पुनर्लाभ प्रक्रियालाई असर गर्यो । बारम्बार हुने जोखिमका घटना (बाढी पहिरो वा समुन्द्री आँधीजस्ता) को सामना गर्न समुदायहरूसँग एक हदको प्रतिरक्षा प्रणाली भएको कुरा देखियो । बारम्बार नहुने, ठूलो असर गर्ने घटना (गोर्खा भूकम्प वा हायान आँधी जस्ता) मा भने पारिवारिक स्तरमा उनीहरूको प्रतिरक्षा क्षमता कम हुने र व्यक्तिहरूसँग विपद्पछि आउने अन्य तनावको सामना गर्ने क्षमता कम हुने गरेको देखियो ।

सामाजिक, आर्थिक र सांस्कृतिक सन्दर्भ अन्तर्गत पुनरुत्थान प्रक्रिया हुन्छ त्यो सन्दर्भले असमानता, सूचना तथा सेवा माथिको असमान पहुँच, शक्ति सम्बन्ध र आस्था प्रणालीलाई असर गर्छ र यो असरले अर्कोतिर परिवारको स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियालाई असर गर्छ । सामुदायिक संगठन र व्यक्तिहरूले आफ्नो व्यक्तिगत पुनरुत्थानलाई कसरी हेर्छन् तथा अगाडि बढाउँछन् भन्ने कुरामा ठूलो असर गर्ने गरेको भेटियो । फिलिपिनी परम्परा बायानिहान वा सामुदायिक एकता र पारस्परिक सहयोगले सामुदायिक पुनरुत्थान महत्वपूर्ण रुपले सहज पारेको पाइयो । नेपालमा भने सामुदायिक संगठनहरु उपस्थिति भएता पनि ती संगठनहरु तुलनात्मक रुपमा कम औपचारिक भएको पाइयो ।

## स्व:प्रयासबाट पुनर्लाभ प्रक्रिया – उत्प्रेरक तथा व्यवधानहरु

आफूसँग भएको ज्ञान, आफ्ना आवश्यकता तथा साधनहरूको आधारमा विपद् बाट प्रभावित परिवार तथा समुदायले प्राथमिकता तोक्ने तथा निर्णय लिने गर्छन् । उनीहरु सामान्यतया आफ्नो पुनरुत्थान प्रक्रिया आफ्नो नियन्त्रणमा होस् भन्ने चाहन्छन् । स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियालाई सहयोग गर्नुपर्छ भन्ने सन्दर्भको केन्द्रमा छनौटको अवसर, स्वामित्व र सशक्तिकरणको अभ्यास रहन्छन् । छनौटको प्रक्रियालाई अझ बृहत स्वतन्त्रता दिनु पर्छ भन्ने कुरामा भने सहयोगी एजेन्सीहरुको लागि एउटा चुनौती बन्यो । ज्ञान तथा प्राविधिक सहायता माथिको पहुँचको स्तरले पुनरुत्थानको क्षेत्र र प्रकृतिलाई असर गर्छ । समय बदलिदैं जाँदा परिवारको पुनरुत्थान चरणलाई असर गर्ने हिसाबले प्राथमिकताहरु बदलिन्छन्: शुरुमा आवास प्राथमिकता हुन सक्छ, जीविकोपार्जनले यो प्राथमिकतालाई चाँडै प्रतिस्थापित गर्न सक्छ । सामान्यतया समुदायहरुले पुनरुत्थानलाई अर्को विपद्को लागि तयारी अवस्थामा रहने प्रक्रियाको रुपमा लिएको र मानसिक आघात जस्ता तत्वहरु यो प्रक्रियाको बाधाको रुपमा रहेको भेटियो ।

## अझ सुरक्षित तरिकाले पुनर्निर्माण गर्ने

दुबै देशमा, ग्लोबल सेल्टर क्लस्टरले सरकारको संयोजनमा पुनरुत्थान प्रक्रियामा सुधारिएका उचित निर्माण प्रविधि समायोजन गर्न अझ सुरक्षित तरिकाले पुनर्निर्माण गर्ने (Build Back Safer) प्रबिधि सम्बन्धी सन्देशहरु प्रवाह गरेको पाइयो । अझ सुरक्षित तरिकाले पुनर्निर्माण गर्ने प्रबिधिको सफलता सरकारको निर्माण संहिताको पालना, उपलब्ध वित्तीय सहयोग, सामाग्री तथा प्राविधिक सहायता माथिको पहुँचको स्तर र सुरक्षा सम्बन्धी स्थानीय दृष्टिकोण तथा प्राथमिकतामा भर पर्ने भएकाले दुई देशमा अझ सुरक्षित तरिकाले पुनर्निर्माण गर्ने प्रबिधिको सफलता पनि फरक-फरक भयो ।

## अन्तर-विषयात्मकता

यो अन्तर-विषयात्मक परियोजनामा इन्जिनियर, भू-वैज्ञानिक, सामाजिक वैज्ञानिक तथा मानवीय सहायताका पेशाकर्मीहरु समावेश थिए । यसले मानवीय सहायताको बहुमुखी प्रकृति र स्व:प्रयासबाट पुनर्लाभको प्रक्रियालाई समर्थन र प्रवर्धन गर्न अन्तर-विषयात्मक कार्यक्रमको आवश्यकतालाई इंगित गर्दछ । यो अध्ययनको निष्कर्षहरु मानवीय सहायता दिने एजेन्सीहरुले विपद् पछिको अवस्थामा सहायता गर्न अन्तर-विषयात्मक रणनीतिको विकास गर्नु पर्ने कुरामा जोड दिन्छन् ।

## आगामी पाइला

यो नमूना अध्ययनले स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियाका केही विशेषता तथा यसलाई असर गर्ने तत्वहरुको पहिचान गरेर स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियासम्बन्धी हाम्रो बुझाइलाई फराकिलो पारेको छ, तर स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियाको अवधारणलाई व्याख्या तथा परिभाषित गर्न आवश्यक छ । ‘स्व:प्रयासबाट पुनर्लाभको प्रक्रिया’ लाई पारिवारिक तथा सामुदायिक पुनरुत्थानका अन्य पक्षहरुबाट टाढा राखेर निरपेक्ष रुपमा हेर्न सकिँदैन, किनकी यो परियोजनाको अनुसन्धानले यी सबै तत्वहरु एक अर्कोसँग मसिनो गरि जोडिएको कुरा देखाएको छ । त्यस्तै, फरक-फरक ज्ञान, अनुभव र दृष्टिकोणको आधारमा यो शब्दको फरक-फरक व्याख्या भएको छ । एउटा यस्तो कामको आवश्यकता छ जसले यी प्रारम्भिक निष्कर्षको आधारमा स्व:प्रयासबाट पुनर्लाभको प्रक्रियामा समावेश भएका तत्वहरु तथा यो प्रक्रियालाई सहयोग गर्ने साधानहरुसम्बन्धी अझ गहन बुझाइको विकास गर्दछ ।

यो लक्ष्यलाई पछ्याउन परियोजनाको टोलीले दुईवटा कदमहरु चालेको छ:

- ब्रिटिस प्रतिष्ठानको अनुदानमा नेपाल र फिलिपिन्सका सहरी क्षेत्रहरु स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियाको बुझाइ बढाउने १६-**महिने अनुसन्धान परियोजना** सुरु भएको छ ।[1]
- CARE इन्टरनेसनलको नेतृत्वमा अझ सुरक्षित पुनर्निर्माण तथा स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियाको प्रवर्धन गर्न **एक ग्लोबल सेल्टर क्लस्टर कार्यदल** बनाइएको छ । यसले मुख्यत: कसरी मानवीय सेवा सम्बन्धी एजेन्सीहरु यसको प्रवर्धन गरिरहेका छन् र यसलाई भविष्यमा कसरी सुधार गर्ने भन्ने कुराको अन्वेषण गर्ने लक्ष्य लिएको छ ।

स्व:प्रयासबाट पुनर्लाभको प्रक्रियालाई विपद् पछिको प्रक्रियामा अत्याधिक महत्वपूर्ण प्रक्रियाको रुपमा लिइन्छ तर मानवीय सेवा दिने एजेन्सी तथा सरकार दुबैले यसलाई राम्रो बुझेका छैनन् । आफ्नो स्व:प्रयासबाट पुनर्लाभको प्रक्रियामा परिवारहरुलाई सहयोग गर्ने पद्धतिले स्व:प्रयासले पुनर्लाभमा संलग्न बहुसंख्यक समुदाय लाई सकारात्मक प्रभाव मात्र पार्दैन, उनीहरुको घरको सुरक्षा बढाउने तथा उनीहरुमा वातावरणीय प्रभाव(धक्का) र तनाव विरुद्धको प्रतिरक्षा क्षमता सुधार गर्ने काम पनि गर्छ ।

यो कार्यपत्र मौलिक तथा स्वतन्त्र सोधको माध्यमबाट स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियाको वर्णन गर्ने तथा बुझ्ने अध्ययन मध्येको एक अध्ययन हो । यसले स्व:प्रयासबाट पुनर्लाभ प्रक्रियालाई अपरिहार्य र जटिल प्रक्रियाको रुपमा प्रस्तुत गर्छ । यो प्रक्रियालाई अझ राम्ररी बुझ्नु र परिवार तथा समुदायलाई पहिलाको अवस्थामा फर्किन सहयोग गर्ने मानवीय सहायताको विकास गर्नुले मानवीय सेवा सम्बन्धी अभ्यासलाई कायापलट गरेर दीर्घकालीन पुनरुत्थानमा योगदान पुर्याउँछ ।

1 ‘अझ सुरक्षित ११: विपत्तिहरुपछि प्रतिरक्षात्मक सहरी पुनर्निर्माणको प्रवर्धन गर्ने’ (सेप्टेम्बर २०१७–जनवरी २०१९). ब्रिटिस प्रतिष्ठानको माध्यमबाट ग्लोबल च्यालेन्ज्स फन्डको अनुदानमा सञ्चालित (Ref. CI170172).

# सन्दर्भहरू

Fan, L. (2013) *Disaster as opportunity? Building back better in Aceh, Myanmar and Haiti*. Humanitarian Policy Group Working Paper. London: Overseas Development Institute (www.odi.org/publications/8007-resilience-build-back-better-bbb-aceh-tsunami-cyclone-myanmar-earthquake-haiti-disaster-recovery).

Ievers, J. and Bhatia, S. (2011) *Recovery as a catalyst for reducing risk*. Report for UNISDR Global Assessment Report. Kobe: International Recovery Programme, 2011 (www.preventionweb.net/english/hyogo/gar/2011/en/bgdocs/Ievers_&_Bhatia_2011.pdf).

Kennedy, J., Ashmore, J., Babister, E. and Kelman, I. (2008) 'The meaning of "build back better": evidence from post-tsunami Aceh and Sri Lanka', *Journal of Contingencies and Crisis Management* 16(1): 24–36.

Mannakkara, S. and Wilkinson, S. (2013) 'Build Back Better principles for post-disaster structural improvements', *Structural Survey* 31(4): 314–327.

Manyena, S.B., O'Brien, G., O'Keefe, P. and Rose, J. (2011) 'Disaster resilience: a bounce back or bounce forward ability?', *Local Environment* 16(5): 417–424.

Parrack, C., Flinn, B. and Passey, M. (2014) 'Getting the message across for safer self-recovery in post-disaster shelter', *Open House International* 39(3): 47–58.

UNISDR (2015) *Sendai framework for disaster risk reduction 2015–2030*. Geneva: United Nations International Strategy for Disaster Reduction (www.preventionweb.net/files/43291_sendaiframeworkfordrren.pdf).

ODI is the UK's leading independent think tank on international development and humanitarian issues.

Readers are encouraged to reproduce material for their own publications, as long as they are not being sold commercially. As copyright holder, ODI requests due acknowledgement and a copy of the publication. For online use, we ask readers to link to the original resource on the ODI website. The views presented in this paper are those of the author(s) and do not necessarily represent the views of ODI or our partners.

© Overseas Development Institute 2017. This work is licensed under a Creative Commons Attribution-NonCommercial Licence (CC BY-NC 4.0).

All ODI publications are available from www.odi.org

Cover photo: Alejandra Albuerne, 2017

**Overseas Development Institute**
203 Blackfriars Road
London SE1 8NJ
Tel +44 (0) 20 7922 0300
Fax +44 (0) 20 7922 0399